☎०१-५१४२१३१
इमेल:pmamp.piu.bhaktapur@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
**परियोजना कार्यान्वयन एकाई, भक्तपुर**
(कार्यक्षेत्र: भक्तपुर, काठमाण्डौ र ललितपुर)

चाँगुनारायण-८, सुडाल, भक्तपुर

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन इकाई भक्तपुर

# सूचना नं.: ४

## आलु जोन, काठमाण्डौं

## कार्यक्रममा सहभागि हुन प्रस्ताव आव्हानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति: २०७८/०५/२२)**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई भक्तपुरअन्तर्गत आ.व.२०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **काठमाण्डौं जिल्लामा** संचालित **आलु जोन** (व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र) क्षेत्र शंखरापुर न.पा. वडा नं. १ देखी ९ सम्म मा संचालन हुने तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन चाहने संबन्धित जोन क्षेत्रका इच्छुक कृषक समूह, कृषि सहकारी, जल उपभोक्ता समिति र नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुका आधिकारिक व्यक्तिले यस कार्यालयको निर्धारित ढांचाको आवेदनसाथ निम्न बमोजिमको आवश्यक कागजातहरु सहित कार्यालय समयभित्र परियोजना कार्यान्वयन एकाई, भक्तपुर वा सम्बन्धित जोन प्राविधिक एकाइ काठमाण्डौंमा मिति २०७८ असोज २० गते सम्म प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै इच्छुक कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/नीजि कृषि फर्म तथा कृषि कम्पनीहरुले आवेदन सहितको प्रस्ताव पेश गर्ने अन्तिम म्याद अगावै नियमानुसार संबन्धित जोनमा सूचिकृत भई कार्यक्रममा सहभागिताको लागि प्रस्ताव पेश गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.सं. | स्वीकृत कार्यक्रम | इकाई | परिमाण | वजेट रु लाखमा | यस कार्यालयवाट उपलब्ध हुनसक्ने अनुदान | कार्यक्रम संचालन हुने स्थान |
|---|---|---|---|---|---|---|
| १ | बीउ आलु आत्मनिर्भर कार्यक्रम | हेक्टर | ८ | १२ | कुल लागतको ५०% प्रतिशत अनुदान वा अधिकतम १.५० लाख प्रति हेक्टर सम्म | नेपाल सरकारबाट बीउ उत्पादनका लागि सूचिकृत जातहरुमा विउ उत्पादनमा संलग्न कृषि उद्यमी । |
| २ | जोन/सुपरजोन प्रभाव क्षेत्रमा आलुको क्षेत्रफल विस्तार | हेक्टर | २५ | १७.५० | कुल लागतको ५०% प्रतिशत अनुदान वा अधिकतम ७० हजार प्रति हेक्टर सम्म | यस आ.ब. मा थप आलु खेती हुने क्षेत्रफलमा उन्नत वीउ बीजन तथा कृषि सामाग्री प्रयोग गरी उन्नत प्रविधिबाट खेति गर्नुपर्ने । |

**आवेदनका साथ संग्लग्न गर्नुपर्ने कागजातहरु**

१. संस्थाको छाप सहितको रु. १० को हुलाक टिकट टाँसेको कार्यालयले तोकेको ढाँचामा आवेदन ।
२. कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) संबन्धित सरकारी निकायमा विधिवत रुपमा संस्था दर्ता भएको तथा नियमानुसार नविकरण गरेको प्रमाण पत्रको प्रतिलिपी।
३. नयाँ सुचीकृतकालागि जोनमा आवद्दता सम्वन्धि र कार्यक्रममा सहभागिता सम्बन्धि संस्थाको बैठकको निर्णयको प्रतिलिपी। सम्वन्धित, नगरपालिका, वडा कार्यालय वा पालिकाको कृषि शाखाको जोनमा आवद्धताका लागि सिफारिश पत्र ।
४. सहकारी सस्था/फर्महरुको आ.व.२०७६/०७७ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।
५. कर तिर्नुपर्ने संस्थाले अघिल्लो आ.व. मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
६. स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपी ।
७. आवेदन दिने संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको र संलग्न कृषकहरुको जग्गाको लालपूर्जाको प्रतिलिपी ।यदि जग्गा भाडामा लिएको हो भने कम्तिमा ५ वर्षको संझौता पत्र ।

**पुनश्चः** आवेदक जोनसँग सम्बन्धित वालीको उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धि कार्यमा व्यवसायिक रुपमा संलग्न रहेको हुनुपर्नेछ । आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुगेमा परियोजना कार्यान्वयन इकाइ कृषक

**टीकाराम शर्मा**
वरिष्ठ कृषि अधिकृत

समूह/सहकारी/जल उपभोक्ता समिति/उद्यमी (फर्म) को जोनमा आवद्धता तथा कार्यक्रममा सहभागिताको लागि बाध्य हुने छैन ।

**नोट:** गत आ.व.मा संबन्धित जोनमा सूचिकृत भइ सकेका कृषक समूह/सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म)हरुले सूचिकृत हुनको लागि आवेदन पेश गर्नुपर्ने छैन । तर गत आ.व.मा तोकिएको ढाँचामा विवरण पेश नगरेका संस्थाहरुले अध्यावधिक विवरण पेश गर्नुपर्नेछ ।साथै गत आ.व. कार्यक्रम संचालन गर्दा सहभागी नभएका व्यवसायिक संस्थाहरुलाई प्राथमिक्ता दिईने छ ।

<u>थप जानकारीको लागि</u>

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

**परियोजना कार्यान्वयन एकाइ, भक्तपुर**

चागुनारायण न.पा.-८, सुडाल, भक्तपुर

फोन नं.: ०१-५१४२१३१

सूचना अधिकारी मोवाइल नं.:९८५११४२१३१

**जोन प्राविधिक एकाइ, काठमाण्डौं**

शंखरापुर न.पा.-६, साँखु

फोन नं.: ०१-४४५१६५२

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
भक्तपुर

**टीकाराम शर्मा**

वरिष्ठ कृषि अधिकृत